त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जुगार, रोल्पा, लुम्बिनी प्रदेश

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

प्रथम पटक प्रकाशित मिति: २०८१/१२/१२

यस कार्यालय तथा मातहतका कार्यालय र विद्यालयमा रिक्त तपसिल अनुसारका पदमा खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएको हुँदा तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमको विवरण र दस्तुर बुझाएको रसिद सहित दरखास्त पेश गर्नुहुन जानकारी गराइन्छ ।

तपसिल

| क.सं. | विज्ञापन नं. | पद | तह | संख्या | कामकाज गर्नुपर्ने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ४-२०८१/०८२ | मेडिकल अधिकृत | अधिकृतस्तर आठौं | १ | नेर्पा स्वास्थ्य चौकी जुगार | |
| २ | ५-२०८१/०८२ | हेल्थ असिस्टेन्ट | सहायकस्तर पाँचौं | १ | आधारभूत स्वास्थ्य सेवा केन्द्र धारमखोला | |
| ३ | ६-२०८१/०८२ | विद्यालय नर्स | सहायकस्तर पाँचौं | २ | गाउँपालिका अन्तर्गतको माध्यमिक विद्यालय | |
| ४ | ७-२०८१/०८२ | अ.न.मी. | सहायकस्तर चौथो | १ | सामुदायिक स्वास्थ्य इकाई तुक्ला | |
| ५ | ८-२०८१/०८२ | ल्याब असिस्टेन्ट | सहायकस्तर चौथो | १ | गाउँपालिका अन्तर्गतको स्वास्थ्य चौकी | |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता:-
   (क) मेडिकल अधिकृत पदमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा MBBS वा सो सरह उत्तीर्ण गरेको ।
   (ख) हेल्थ असिस्टेन्ट पदमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा Health Assistant वा सो सरह उत्तीर्ण गरेको ।
   (ग) विद्यालय नर्स पदमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा PCL Nursing वा सो सरह उत्तीर्ण गरेको ।
   (घ) अ.न.मी. पदमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ANM वा सो सरह उत्तीर्ण गरेको ।
   (ङ) ल्याब असिस्टेन्ट पदमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा Lab Assistant वा सो सरह उत्तीर्ण गरेको ।

२. दरखास्त दिने अन्तिम मिति:- २०८१/१२/२६ गते कार्यालय समयभित्र ।

३. दरखास्त दस्तुर:- मेडिकल अधिकृत पदमा रु. १,४००/-, हेल्थ असिस्टेन्ट तथा विद्यालय नर्स पदमा रु. ८००/- र अ.न.मी. तथा ल्याब असिस्टेन्ट पदमा रु. ६००/- लाग्नेछ ।

४. उम्मेदवारको उमेरको हद:- दरखास्त दिने अन्तिम मितिसम्म अधिकृतस्तरको पदमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको र सहायकस्तरको पदमा १८ वर्ष पूरा भै ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।

५. दरखास्त दिने स्थान:- त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जुगार ।

६. आवेदनसाथ आवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नुपर्ने कागजातका प्रतिलिपिहरु:-
   - नेपाली नागरिकताको प्रमाण-पत्र,
   - ३ प्रति हाल सालै खिचेको पासपोर्ट साइजको रङ्गिन फोटो,
   - न्यूनतम/अधिकतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र र चारीत्रिक प्रमाण-पत्र,
   - काउन्सिल दर्ता आवश्यक पर्ने पदको हकमा सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाण-पत्र,
   - त्रिवेणी गाउँपालिकावासी आवेदकको हकमा सम्बन्धित वडाको स्थायी बासिन्दा भएको सिफारिस पत्र,
   - तोकिएको तहको पदको कामसँग सम्बन्धित अनुभव तथा तालिम भए सो को नियुक्ति पत्र तथा अनुभव/प्रमाण पत्र ।

७. सेवा सुविधा तथा कार्य शर्त:- विद्यालय नर्स पदमा विद्यालय स्वास्थ्य नर्सिङ सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ र अन्य पदमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

८. पाठ्यक्रम:- विद्यालय नर्स पदमा विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ र अन्य पदमा संघीय लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

९. परीक्षाको किसिम:- विद्यालय नर्स पदमा छोटो सूची मूल्याङ्कन तथा मौखिक परीक्षा र अन्य पदमा छोटो सूची मूल्याङ्कन, लिखित तथा मौखिक परीक्षा हुनेछ ।

१०. आवेदन फाराम तथा अन्य:- आवेदन फाराम गाउँपालिकाको वेवसाइट www.trivenimunrolpa.gov.np को विद्युतीय सुशासन सेवा मेनुभित्र नमूना फारमहरुबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । म्याद नाघी आएका वा तोकिएका कागजातहरु संलग्न नभएका आवेदन उपर कुनै कारबाही हुने छैन । थप जानकारीको लागि गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

२०८१।१२।१२

(पूर्ण बहादुर बुढा)
नि. प्रमुख प्रशासकीय अधिकृत

पूर्ण बहादुर बुढा
नि. प्रमुख प्रशासकीय अधिकृत